# ट्याम्केमैयुम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, अन्नपुर्ण, भोजपुर

## औषधि तथा सर्जिकल सामान खरीद सम्वन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

### प्रथम पटक सूचना प्रकाशन मितिः-२०७४।१०।०७

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७४/०७५ को लागि आबश्यक पर्ने औषधि तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरीद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी /फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही रु १०।- को टिकट टाँसी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आब्हान गरिएको छ।

**शर्तहरुः-**

(०१) यो सूचना **औजार राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा दरभाउपत्र फारम यस कार्यालयको लेखा फाँटबाट रु १०००।-(फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिने छ।

(०२) बोलपपत्र खरीद गर्दा आधिकारिक निबेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्ने छ।

(क) औषधि ब्यबस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी।

(ख) मूल्य अभिबृद्दि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

(ग) आ.ब.२०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

(घ) प्रोपाईटर स्वयंम उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा।

(०३) खरीद गरिएको दरभाउपत्र १६ औ दिनको १२:०० बजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ।

(०४) रितपुर्वक पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

(०५) रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

(०६) दरभाउपत्र खरीद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनीक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोहि समयमा हुने छ।

(०७) दरभाउपत्र दाताले आफुले कबोल गरेको अङ्कको २.५ प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य वैंक भोजपुरस्थित ट्याम्केमैयुम गाउपालिका कार्यालय, अन्नपुर्ण भोजपुरको कार्यालय खाता नं. २०४०३०३००७१०३ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा **७५** दिनको (दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट) मान्य अबधि भएको बैक जमानत पत्र पेश गर्नु पर्ने छ। साथै दरभाउपत्रको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट **४५** दिनको हुने छ।

(०८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्ने छ।

(०९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

(१०) खरीद गरीने औषधि तथा सर्जिकल सामानको प्रयोग गर्ने अबधि गाँउपालिका स्टोरमा दाखिला हुदा कम्तिमा अठार महिना बाँकि रहेको हुनु पर्ने छ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकि रहेको हुनुपर्ने छ।

(११) दरभाउपत्रदाताले आफुले दिन चाहेको औषधि तथा सर्जिकल सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देशको नाम प्रष्ट संग उल्लेख गर्नु पर्ने छ।

(१२) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि WHO GMP मान्यता प्राप्त कम्पनीको हुनु पर्ने छ र WHO GMP Certificate पनि दरभाउपत्र फारम साथै अनिवार्य बुझाउनुपर्ने छ।

(१३) दरभाउपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयको आबश्यकता अनुसार थपघट गर्न सकिनेछ, थपघट भएतापनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा आ.व.२०७५ असाढ मसान्त सम्ममा थप बजेटको व्यवस्था भई आएमा सोही दररेटमा उपलब्ध गराउनु पर्नेछ, दररेट परिवर्तन गर्न पाइने छैन।

(१४) दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र साथ आफुले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दी गरी छुट्टै पेश गर्नु पर्ने छ।

(१५) दरभाउपत्रदाताले दरभाउपत्र फारम खरीद गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फारम खरीद गर्नु पर्ने छ र सोहि फारमको प्रत्येक पानामा दरभाउपत्रदाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्ने छ।

(१६) एउटा फर्म वा कम्पनीले खरीद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरीने छ।

(१७) आफुले सप्लाई गर्ने प्रत्येक औषधि, औषधि ब्यबस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधिको प्याकिङ बाहिर औषधिको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं उत्पादक कम्पनीको नाम स्पष्ट संग उल्लेख भएको हुनु पर्ने छ। साथै

औषधिको प्याकिङ बाहिर तथा प्रत्येक स्ट्रीपमा "**नेपाल सरकारबाट निःशुल्क बितरणको लागी**" वा **"यो औषधि /बिक्रीका लागी होईन"** प्याकिङमा उल्लेख भएको हुनु पर्ने छ।

(१८) सप्लाई हुने सवै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याक भएको हुनु पर्ने छ।

(१९) दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ।

(२०) आफुले दाखिला गरेको दरभाउपत्र फिर्ता लिन चाहेमा अनिवार्य दरभाउपत्र दाता स्वयं वा निजको आधिकारीक प्रतिनिधि उपस्थित भई सक्कलै निबेदन पेश गर्नु पर्ने छ। Fax वा अन्य कुनै माध्यमबाट प्राप्त निबेदन मान्य हुने छैन।

(२१) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको, कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र सीलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

(२२) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजानिक खरीद नियमावली २०६४ ( संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ। अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ।

| विवरण | लागत अनुमान अंक (भ्याट वाहेक) | धरौटी |
|---|---|---|
| **औषधि तथा सर्जिकल सामान खरीद ।** | **१०,४२,६३५।००** | **लागत अनुमान अंकको २.५ प्रतिशतले हुन आउने रकम ।** |

प्रमुख प्रशासकीय अधिकृत
ट्याम्केमैयुम गाँउकार्यपालिका,भोजपुर ।